म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २३८ २०८१ साउन ६ गते आइतबार 21 July 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

आज गुरु पूर्णिमा

हेटौंडाः आज आइतबार व्यास जयन्ती तथा गुरु पूर्णिमा मनाइँदैछ। हरेक वर्ष आषाढ शुक्ल पूर्णिमाका दिन वेदव्यासको स्मृतिमा मनाइने गुरु पूर्णिमा यस वर्ष साउन ६ गते आइतबार परेको हो। महाभारतका रचयिता वेदव्यासको जन्मजयन्तीलाई परम्परादेखि नै गुरु पूर्णिमाको रुपमा मनाईंदै आएको छ। महाभारतका साथै अठार पुराण, विभिन्न ग्रन्थ तथा उपनिषद्का रचयिता मानिने वेदव्यासको स्मृतिमा व्यास जयन्ती तथा गुरु पूर्णिमा मनाउने गरिएको हो।

हिन्दू धर्मशास्त्रअनुसार व्यासले समस्त वेदको विभाजन गरी ब्रह्मसूत्रको रचना पनि यसै दिनमा गरेका थिए। उनले नै वेदऋचालाई संकलन गरी वेदलाई चार भागमा बाँडेका थिए। पौराणिक मान्यताअनुसार भगवान् शिवले गुरु पूर्णिमाकै दिनबाट सप्तऋषिलाई योग सिकाउन थालेका थिए।

चौथो पटक विश्वासको मत लिँदै मुख्यमन्त्री जम्कट्टेल

सत्ता विमुख हुने निश्चित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चौथो पटक प्रदेश सभाबाट विश्वासको मत लिँदै हुनुहुन्छ। सत्ता समीकरण परिवर्तनसँगै ३ पटक प्रदेश सभाबाट विश्वासको मत पाउनुभएका मुख्यमन्त्री जम्कट्टेलले आज आइतबार चौथो पटक विश्वासको मत लिने तयारीमा हुनुहुन्छ।

२०७९ पुस २५ मा एमाले, राप्रपा, माओवादी केन्द्र, एकीकृत समाजवादीको सत्ता समीकरणबाट मुख्यमन्त्री बन्नुभएका जम्कट्टेलले समीकरण परिवर्तनसँगै पहिलो पटक २०७९ माघ ३ मा विश्वासको मत पाउनुभएको थियो। २०७९ माघ ३ मा कुल ११० जना प्रदेश सभा सदस्य मध्ये १०५ सदस्यको समर्थन पाउनुभएका जम्कट्टेल नेतृत्वको सत्ता गठबन्धन ४ महिना चलेर चैत १० मा तत्कालिन गठबन्धन भत्कियो। त्यस समयमा गठबन्धन मात्र भत्किएन गठबन्धन परिवर्तनसँगै सरकार टिकाउनुभएका जम्कट्टेलको लोकप्रियता निरन्तर खस्कँदै गयो।

राप्रपा र एमालेसँगको सहयात्रा टुंगिएपछि २०७९ चैत १० मा दोस्रो पटक उहाँले विश्वासको मत लिनुहुँदा प्रदेश सभाका ६७ सदस्यको समर्थन पाउनुभएको थियो। करिब १ बर्ष कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रको साझेदारीमा सरकार सञ्चालन भयो। अन्ततः २०८० फागुन २० मा पुनः समीकरण परिवर्तन भयो। फागुन २३ मा सरकारबाट कांग्रेस अलग भयो। त्यस लगत्तै बाध्यकारी परिस्थितिका बीच चैत १९ मा मुख्यमन्त्री जम्कट्टेलले पुनः विश्वासको मत लिनुभयो। सो समयमा उहाँले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीसहितको गरी ५६ मत प्राप्त गर्नुभयो।

सत्ता विमुख हुने निश्चित रहेका बखत मुख्यमन्त्री जम्कट्टेल प्रदेश सभामा विश्वासको मत लिने तयारीमा हुनुहन्छ। अंक गणितीय रुपमा सत्ता उहाँको पक्षभन्दा बाहिर गइसकेका बखत आज आइतबार प्रदेश सभामा विश्वासको मत लिने तयारीमा हुनुहुन्छ। अंकगणितीय प्रतिकुलताका बीच प्रदेश सभामा विश्वासको मत लिन उभिने निर्णयमा पुग्नुभएका मुख्यमन्त्री जम्कट्टेलले मत विभाजनसहित विश्वासको मतको प्रक्रिया टुंगाउँदै हुनुहुन्छ। सोही अनुसार शनिबार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले आइतबार बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तावलाई निर्णयार्थ पेश गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री जम्कट्टेलले प्रक्रियागत रुपमा प्रदेश सभाबाट विश्वासको मत लिने प्रस्ताव पेश गर्नुभएसँगै सो उपर छलफल हुने प्रदेश सभाको कार्यसूचि निर्धारण गरिएको नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका मुख्य सचेतक रत्न प्रसाद ढकालले जानकारी दिनुभयो। बैकठमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत सम्बन्धी प्रस्ताव पेश गर्ने र त्यस उपर प्रदेशसभाका दलहरुले दलगत रुपमा छलफलमा भाग लिने उहाँले बताउनुभयो। दलगत रुपमा संसदीय दलका नेताले धारणा राखेपछि मुख्यमन्त्रीले जवाफ पेश गर्ने र सो पश्चात प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने उहाँको भनाई छ। मत विभाजनसहित मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तावको छिनोफानो गरिने उहाँले बताउनुभयो।

असार १७ मा केन्द्रीय तहमा एमाले-कांग्रेस सत्ता समीकरण निर्माण गरेर अघि बढ्ने सहमति बनेसँगै बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार संकटमा परेको थियो। केन्द्रीय तहको समीकरण अनुसार प्रदेश सरकारबाट तत्कालिन साझेदार दल नेकपा एमालेले असार २४ मा सरकारको समर्थन फिर्ता लिएको थियो भने ५ मन्त्रीको सामूहिक राजिनामा समेत गराएको थियो। असार २४ गतेदेखि अल्पमतको सरकारको नेतृत्व गरिरहनुभएका मुख्यमन्त्री जम्कट्टेलले आगामी साउन २२ गते भित्र प्रदेश सभाबाट विश्वासको मत लिनु पर्ने प्रावधान रहेको छ। जस अनुसार मुख्यमन्त्री जम्कट्टेलले आइतबार मत विभाजनसहित विश्वासको मत लिने तयारी गर्नुभएको हो।

कांग्रेस र एमालेले विपक्षमा मतदान गर्ने

नयाँ समीकरण अनुसार सरकार निर्माणको तयारी थालेका कांग्रेस एमालेले मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मत सम्बन्धी प्रस्तावको विपक्षमा मतदान गर्ने भएका छन्। केन्द्रीय सहमतिअनुसार एमालेसँगका सहकार्यमा प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्ने गरी अघि बढेका दुवै दलले मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गर्ने भएका हुन्।

शुक्रबार काठमाडौंमा बसेको एमाले कांग्रेसको संयुक्त बैठकले ३ बुँदे सहमति गरेर मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने र विपक्षमा मतदान गर्ने निर्णय गरेका हुन्। उक्त बैठकले आफ्ना प्रदेश सभा सदस्यहरुलाई अनिवार्य उपस्थित हुन निर्देशनसहित विपक्षमा मतदान गर्न ह्वीप लगाएको छ। बैठकले प्रदेशसभाका अन्य दलहरुलाई मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गर्न आग्रह गर्ने निर्णय गरेको छ भने दुई दलको सहकार्यमा सरकार निर्माण गरी प्रदेशको समृद्धि र राजनैतिक स्थायित्वको अनुभुति प्रदान गर्न न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्ने निर्णय गरेको छ।

सोही अनुसार मुख्यमन्त्री जम्कट्टेललाई एमालेले विश्वासको मत नदिने निर्णय गरेको छ। शनिबार बसेको एमाले संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने र विपक्षमा मत गर्ने निर्णय गरेको हो। एमालेले आफ्ना प्रदेश सभा सदस्यहरुलाई आइतबारको प्रदेशसभा बैठकमा अनिवार्य उपस्थित हुने र विपक्षमा मत हाल्न ह्वीप जारी गरेको हो। प्रदेशसभामा एमालेका २७ सदस्य छन्।

त्यसअघि नै शुक्रबार नै बसेको कांग्रेस बागमती प्रदेश कार्यसम्पादन समितिको बैठकले मुख्यमन्त्री जम्कट्टेलको विपक्षीमा मतदान गर्न निर्णय गरेको थियो। प्रदेशसभामा कांग्रेसको ३७ सदस्य छन्।

राप्रपा र नेमकिपाले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने

राप्रपा र नेमकिपाले पनि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने भएको छ। राप्रपाको बिहीबार बसेको प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरेको थियो। प्रदेशसभा राप्रपाको १३ जना सदस्यहरु रहेका छन्।

प्रदेशसभाको सशक्त प्रतिपक्षको रुपमा छवी बनाएको नेमकिपाले पनि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने भएको छ। विगतदेखि नै प्रतिपक्षमा रहँदै आएको सो दलले यसपटक पनि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नलिने निर्णय गरेको हो। प्रदेशसभामा एकीकृत समाजवादीको ३ सदस्य छन्।

मुख्यमन्त्री पक्षमा २९ मत प्राप्त हुने

मुख्यमन्त्री जम्कट्टेलको पक्षमा २९ मत प्राप्त हुने देखिन्छ। सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र र साझेदार दल एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टी समेतको गरी २९ मत प्राप्त हुने देखिन्छ।

एकीकृत समाजवादीले मुख्यमन्त्री जम्कट्टेलको पक्षमा मतदान गर्ने निश्चित भएको छ। एकीकृत समाजवादी संसदीय दलका नेता कृष्ण प्रसाद शर्मा खनालका अनुसार मुख्यमन्त्री जम्कट्टेलको पक्षमा मत दिने तयारी रहेको छ। प्रदेशसभामा सो दलको ७ सदस्य छन्। यता हाम्रो नेपाली पार्टीको २ मध्ये एक सदस्यले मुख्यमन्त्री जम्कट्टेलको पक्षमा मतदान गर्ने भएका छन्। सो दलको एक सदस्य भने विश्वासको मत बारे निर्णय हुन सकेको छैन। सो दलका जम्कट्टेल नेतृत्वको सरकारमा संस्कृति पर्यटन तथा सहकारी मन्त्री बनेका शैलेन्द्रमान बज्राचार्यले मुख्यमन्त्री जम्कट्टेलको पक्षमा मत दिने भएका छन्। मुख्यमन्त्री जम्कट्टेलको पार्टी माओवादी केन्द्रका २१ सदस्य प्रस्तावको पक्षमा देखिने छन्।

एक वर्षमा ३ सय जना हिंसापीडितलाई सेवा प्रदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) ले एक वर्षमा झण्डै ३ सय जना हिंसापीडितलाई सेवा प्रदान गरेको छ। केन्द्रले आर्थिक वर्ष २०८०/०८१ मा २ सय ९४ जना हिंसापीडितलाई सेवा प्रदान गरेको हो।

केन्द्रले सेवा प्रदान गरेका हिंसा पीडितमध्ये २७८ जना महिला, १२ जना पुरुष र ४ जना अल्पसंख्यक रहेको केन्द्रकी इन्चार्ज अमृता श्रेष्ठले जानकारी दिनुभयो। केन्द्रले विभिन्न प्रकारका हिंसाबाट पीडित महिला, पुरुष तथा अल्पसंख्यकलाई हिंसाबाट मुक्त बनाउँदै आएको छ।

व्यवस्थापन केन्द्रको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष जबरजस्ती करणीको समस्या लिएर सय जना केन्द्र पुगेका थिए। यौनजन्य हिंसासम्बन्धी २१ जना, शारीरिक हिंसासम्बन्धी ३१ जना, जबर जस्ती विवाह तथा बेचबिखनसम्बन्धी १६ जना, घरेलु हिंसासम्बन्धी २२ जना, मानसिक हिंसासम्बन्धी ५ जना र अन्य हिंसाको समस्या लिएर ९८ जना केन्द्र पुगेका थिए।

आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा १० जना जबरजस्ती करणीको समस्या लिएर आएका थिए। २ जना यौनजन्य हिंसा, ६ जना शारीरिक हिंसा, ३ जना जबरजस्ती विवाह, १ जना घरेलु हिंसा र १३ जना अन्य समस्याले आएका इन्चार्ज श्रेष्ठले बताउनुभयो। यस्तै, भदौ महिनामा जबरजस्ती करणीका ११ जना, यौनजन्य हिंसासम्बन्धी ३ जना, शारीरिक हिंसासम्बन्धी ४ जना, घरेलु हिंसाका ४ जना र १२ जना अन्य समस्याका पीडितले केन्द्रबाट सेवा लिएका हुन्।

असोज महिनामा ५ जना जबर जस्ती करणी, २ जना शारीरिक हिंसा, १ जना जबरजस्ती विवाह, २ जना घरेलु हिंसा पीडित र ९ जना अन्य समस्या लिएर आएका थिए। कार्तिक महिनामा ८ जना जबरजस्ती करणी र १ जना यौनजन्य हिंसा पीडित भई एकद्वार संकट व्यवस्थापन केन्द्रमा सेवा लिन आएका केन्द्रको तथ्याङ्क छ। केन्द्रको तथ्याङ्कअनुसार मंसिर महिनामा जबरजस्ती करणीका ७, यौनजन्य, शरीरिक र जबरजस्ती विवाहको घटनामा एक/एक जनाले सेवा लिएका छन्।

पुस महिनामा जबरजस्ती करणी पीडित ९ जना, शारीरिक हिंसाका ४ जना, जबरजस्ती विवाहका एक जना, घरेलु हिंसाका ३ जना र अन्य हिंसाका ६ जना पीडित केन्द्रमा पुगेको श्रेष्ठले बताउनुभयो। माघ महिनामा जबरजस्ती करणीको घटनाका ३ जना, यौनजन्य हिंसामा १ जना, शारीरिक हिंसामा ६ जना, जबरजस्ती विवाहका ५ जना, घरेलु हिंसाका ३ जना पीडितले सेवा लिएको जनाइएको छ। यस्तै, फागुन महिनामा ६ जना जबरजस्ती करणी, २-२ जना यौनजन्य, शारीरिक, घरेलु हिंसाका, ३ जना जबरजस्ती विवाह र ९ जना अन्य समस्याका साथ केन्द्रमा सेवा लिन आएका हुन्।

चैत महिनामा ५ जना जबरजस्ती करणी, एक-एक जना घरेलु र यौनजन्य, २-२ जना शारीरिक, मानसिक, जबरजस्ती विवाह र ६ जना अन्य हिंसाका पीडितले

...बाँकी पृष्ठ ३ मा

मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिन एमालेको ह्विप

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई एमालेले विश्वासको मत नदिने भएको छ। नेकपा एमाले संसदीय दल बागमती प्रदेशको शनिबार बसेको बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने र विपक्षमा मत गर्ने निर्णय गरेको हो।

एमालेले आफ्ना प्रदेश सभा सदस्यलाई मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गर्न ह्वीप जारी गरेको हो। एमालेले आफ्ना प्रदेश सभा सदस्यहरुलाई आइतबारको प्रदेशसभा बैठकमा अनिवार्य उपस्थित हुन र विपक्षमा मत हाल्न ह्वीप जारी गरेको संसदीय दलका मुख्य सचेतक मधुसूदन पौडेलले जानकारी दिनुभयो।

सत्ता समीकरण परिवर्तनपछि मुख्यमन्त्री जम्कट्टेलले आइतबार प्रदेशसभाबाट विश्वासको मत लिँदै हुनुहुन्छ। असार १७ मा केन्द्रीय तहमा एमाले कांग्रेस सत्ता समीकरणको सहमति बनेसँगै मुख्यमन्त्री जम्कट्टेल माथि संकट देखिएको थियो। एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाल पार्टीको समर्थनमा मुख्यमन्त्री बन्नुभएका जम्कट्टेल नेतृत्वको सरकारबाट असार २४ मा एमालेले समर्थन फिर्ता लिएको थियो।

एमालेले समर्थन फिर्ता लिँदै ५ मन्त्रीको सामुहिक राजिनामा गराएसँगै मुख्यमन्त्री जम्कट्टेल अल्पमतमा परेका पर्नुभएको थियो।

हार्दिक बधाई
अनुषा उप्रेती
निर्भिक ज्ञवाली
अधिस लम्साल
NAVODAYA SHISHU SADAN ESTD 2052

लोककवि गणेश लाल श्रेष्ठ स्मृति साहित्य पुरस्कार मकवानपुर र नेपाल भाषा खलः को आयोजनामा, **लोककविको ११३ औं जन्मजयन्ती**को अवसरमा बाल प्रतिभा पुरस्कार प्राप्त गर्न सफल **अनुषा उप्रेती** तथा रिद्धिसिद्धी सिमेन्टको छात्रवृत्ति वितरणमा **अधिस लम्साल** प्रथम त्यस्तै **निर्भिक ज्ञवाली** उत्कृष्ट १० मा पर्न सफल भएकामा हार्दिक बधाई ज्ञापन गर्दै प्रतिभाशाली विद्यार्थीहरुको उज्ज्वल भविष्यको कामना गर्दछौं।

नवोदय शिशु सदन मावि परिवार

हेटौंडा-४, कमलडाँडा

सम्पादकीय

बागमतीमा नेतृत्वको होडबाजी

बागमती प्रदेशको मुख्यमन्त्री को बन्ने भन्ने होडबाजी देखिएको छ । नेपाली कांग्रेस र नेकपा एमालेबिच केन्द्रीय तहमा सत्ता गठबन्धनका लागि नयाँ सहमति भएपछि त्यसको प्रभाव प्रदेशमा पनि परेको छ । मधेश प्रदेशबाहेक अन्य सबै प्रदेशमा कांग्रेस र एमाले दुई पार्टी मिल्दा प्रदेशसभामा सहजै बहुमत पुग्ने भएकाले यी दुई दलबीच ३-३ प्रदेशमा सरकारको नेतृत्व गर्ने सहमति भएको बताइएको छ । तीनवटा प्रदेशमा यसअघि नै एमाले र कांग्रेस नेतृत्वको सरकार रहेकाले त्यसलाई निरन्तरता दिने र नेकपा माओवादी केन्द्रले नेतृत्व गरिराखेको प्रदेश सरकारको नेतृत्व परिवर्तन हुने भएको छ । जसअनुसार बागमती प्रदेश सरकारको नेतृत्व कांग्रेसको भागमा परेको छ । सम्भवत: आज आइतबार बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशसभामा पेश गर्न लागेको विश्वासको मतको प्रस्तावको विपक्षमा बहुमत पुगेपछि बागमतीमा कांग्रेस नेतृत्वको सरकार गठन प्रक्रिया अघि बढ्नेछ ।

बागमतीमा सरकारको नेतृत्व कांग्रेसको भागमा परेको पनि मुख्यमन्त्रीमा दुई जनाको चर्चा चलिरहेको छ । नेपाली कांग्रेसको विधानबमोजिम बागमती प्रदेशसभामा कांग्रेस संसदीय दलको नेता बहादुर सिंह लामा मुख्यमन्त्री बन्नुपर्ने भए पनि कांग्रेसका बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँलाई पनि मुख्यमन्त्रीको प्रबल दावेदार मानिएको छ । मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिन बाँकी भएकाले कांग्रेसले मुख्यमन्त्री टुंगो नलगाउँदासम्म लामा र बानियाँबीच मुख्यमन्त्रीका लागि होडबाजी चलिरहेको हो । लामा संसदीय दलको नेता भएकै कारण पार्टीको विधानअनुसार मुख्यमन्त्री बन्ने आशामा छन् सदन, सरकार र पार्टीमा राम्रो प्रभाव पार्न सक्ने क्षमता भएका बानियाँ पनि मुख्यमन्त्रीका सशक्त दाबेदार देखिएका छन् । मुख्यमन्त्रीको होडबाजीमा रहेका दुबै नेताहरु पार्टीका शीर्ष नेताहरुसँग लविङ गरिरहेका छन् । पार्टीको शीर्ष नेतृत्वले मुख्यमन्त्रीको टुंगो नलगाउँदासम्म दुबै नेताको मुख्यमन्त्री बन्ने सम्भावना देखिन्छ ।

मुख्यमन्त्रीका लागि लामा र बानियाँ दुबै जना सक्रिय बनिरहेका छन् । पार्टी संसदीय दलको विधानको दफा ६ को उपदफा १० मा संसदीय दलकै नेताले सरकारको नेतृत्व गर्ने व्यवस्था छ । विधानअनुसार संसदीय दलका नेता लामा मुख्यमन्त्री हुने निश्चित देखिए पनि कांग्रेसभित्र देखिएको परिस्थिति लामाको लागि त्यति सहज छैन । बानियाँ र उनका पक्षधर संसदीय दलको नेतृत्व नै परिवर्तन गरेर भए पनि बानियाँलाई मुख्यमन्त्री बनाउने दाउमा छन् । संसदीय दलको नेता नभए पनि मुख्यमन्त्री बन्न मिल्ने बहस पनि कांग्रेसभित्र चलिरहेको छ । संविधानको धारा १६८ (१) अनुसार बहुमतको मुख्यमन्त्री र धारा ७६ (३) अनुसार अल्पमतको मुख्यमन्त्री नियुक्त गर्दा संसदीय दलको नेता हुनु जरुरी भए पनि धारा १६८ (२) र १६८ (५) अनुसार मुख्यमन्त्री नियुक्त गर्दा संसदीय दलको नेता हुन जरुरी नरहेको बानियाँ पक्षधरको भनाइ छ । प्रदेशसभाको कुनै पनि सदस्यले दुई वा दुईभन्दा बढी दलको समर्थन जुटाएर मुख्मयन्त्री बन्नसक्ने भएकाले संसदीय दलको नेता नै हुनुपर्ने आवश्यकता नरहेको उनीहरुको दावी छ ।

कांग्रेस संसदीय दलको नेता लामाले कांग्रेस सरकार र प्रतिपक्ष दुबै ठाउँमा हुँदा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको बानियाँ पक्षधरले आरोप लगाइरहेका छन् । दलको नेताकै कारण प्रदेश सरकारको जग कमजोर हुने कांग्रेस नेताहरुको टिप्पणी छ भने यसअघि पटक-पटक मुख्यमन्त्री हुने अवसरबाट चुकेका बानियाँले अवसर पाउनुपर्ने बहस चलिरहेको छ । संसदीय दलका नेता लामाले भन्दा बानियाँले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने भन्दै बानियाँलाई मुख्यमन्त्री बनाउनुपर्ने माग बानियाँ पक्षधरले उठाएका छन् । संसदीय दलको नेता नै सरकार प्रमुख बन्ने विधान रहेकाले कांग्रेसले विधानविपरित नजाने लामा पक्षधरको दावी छ । बागमती प्रदेश सरकारको नेतृत्व लिन लामा र बानियाँ दुबै आ-आफ्नो दावी र अडानमा रहेर होडबाजी भइरहँदा मुख्यमन्त्री को बन्ला भन्ने विषय अन्यौलमा परेको छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल	१००
ट्राफिक प्रहरी	१०३
वडा प्रहरी	५२०२९९
पशुपतिनगर इलाका	५२०५९८
मनहरी इलाका	९८५५०९०१६१
भीमफेदी इलाका	६९१४६२
पालुङ इलाका	६२०४६७
फापरबारी इलाका	६२१९८०
चित्लाङ इलाका	६२१०००
वारुण यन्त्र	१०१
बालबालिका खोजतलास केन्द्र	१०४
बाल हेल्पलाइन	१०९८
हेलो सरकार	११११
नेपाल टेलिकम सोधपुछ	१९७
एम्बुलेन्स	१०२
नेपाल विद्युत प्राधिकरण गुनासो	११५०

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : सामाजिक कार्यमा समय व्यतित होला ।
वृष : आवेग र रिसमा नियन्त्रण गर्दा राम्रो रहन्छ ।
मिथुन : व्यवसायका असजिला पक्षहरु निराकरण होला ।
कर्कट : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ ।
सिंह : आर्थिक र व्यवहारिक समस्याले सताउने छ ।
कन्या : मानसिक अस्थिरताको समय योग छ ।
तुला : नियमित कामधन्धामा असर पर्न सक्छ ।
वृश्चिक : लामो समयदेखि गुमेको धन हातपर्न सक्छ ।
धनु : आनन्दको पुनर्ताजगी हुने समय योग देखिन्छ ।
मकर : एकाग्रतामा कमी हुने समय योग छ ।
कुम्भ : सरकारी पक्षबाट लाभ प्राप्त हुने समय छ ।
मीन : परोपकारी कामबाट भाग्यवृद्धि हुने समय छ ।

प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

अमर अधिकारी

विपद् भनेको कुनै पनि गैर प्राकृतिक र प्राकृतिक कारणहरूबाट अकस्मात, अस्तव्यस्त तवरबाट देखा पर्ने विपत्तिपूर्ण अवस्था हो । अर्को अर्थमा कुनै स्थानमा आपत्कालिन अवस्थाको सृजना भई जनधनको क्षतिका साथै जीवनयापनका क्रियाकलापहरु र वातावरणमा प्रतिकुल असर पार्ने प्रकोपजन्य अवस्थाको उपस्थिति हो । विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का अनुसार विपद्का प्राकृतिक कारण र स्वरूपहरूमा हिमपात, असिना पानी, बाढी पहिरो, आँधी हुरी, खडेरी, भूकम्प, ज्वालामुखी, शितलहर, तातो हावा, भू-स्खलन आदि पर्दछन् । अर्कातर्फ गैर प्राकृतिक विपद्मा महामारी, अनिकाल, जीवाणु आतङ्क, विकिरण, हवाई, खानी, सडक, जल, तथा औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, विषाक्त खाद्यान्न, वातावरणीय प्रदूषण, वन विनाश, पशु तथा चराचुरुङ्गीमा लाग्ने फ्लु लगायतका विपद्जन्य समस्याहरु पर्दछन् ।

विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्युनीकरणदेखि विपद् प्रतिकार्य हुँदै विपद् पुनर्लाभसम्मका क्रियाकलापहरुको समष्टि हो । विपद्को जोखिम न्युनीकरणमा विपद् सम्भाव्य क्षेत्रमा गरिने जोखिमको विश्लेषण, मूल्याङ्कन, विपद् रोकथामका लागि गर्न सकिने उपायहरू र जोखिम कम गर्न गरिने कार्यहरू पर्दछन् । विपद् आइपरे लगत्तै घटनास्थलमा गरिने खोज, उद्दार, सुरक्षित ठाउँमा सार्ने र राहत वितरण सम्बन्धी कार्यहरू विपद् प्रतिकार्य अन्तर्गत पर्दछन् भने विपद्पश्चातको पुन:स्थापना र पुन:निर्माणसम्बन्धी कार्यहरू विपद् पुनर्लाभको परिभाषामा पर्दछन् । स्वभावत: विपद् पुनर्लाभका कार्यहरू लामो समयावधि लिने खालका हुन्छन् ।

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का अनुसार विपद्का प्राकृतिक कारण र स्वरूपहरूमा हिमपात, असिना पानी, बाढी पहिरो, आँधी हुरी, खडेरी, भूकम्प, ज्वालामुखी, शितलहर, तातो हावा, भू-स्खलन आदि पर्दछन् । प्रभावित समाज वा समुदायले आफ्नै स्रोत साधन र सामार्थ्यको प्रयोग गरी धान्न नसक्ने गरी भएको त्यस्तो व्यापक मानवीय, भौतिक, आर्थिक वा वातावरणीय क्षति एवम् असरहरु जसका कारण समुदायको सामान्य जीवन पद्दति गम्भीर रुपमा अवरुद्ध हुन्छ । प्राकृतिक विपद् र गैर प्राकृतिक विपद् गरी विपद् दुई प्रकारका हुन्छन् । प्राकृतिक विपद् भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ (झ) अनुसार हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ । गैरप्राकृतिक विपद् भन्नाले ऐ. ऐनको दफा २ को (घ) अनुसार महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जिवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ । विपद्ले विनाश गर्छ, विनाशले जीवनचक्र आतङ्कित बनाउँछ, आतङ्कले जनधनको क्षति र तनाव बढाउँछ । मानव संकटले जीवन सञ्चालनमा अवरोध गर्ने हुँदा विपद् जोखिममा होसियारी अपनाउनुपर्छ । यस्तो संकट आकस्मिक र अप्रत्याशित रूपमा आउने हुँदा विपद्विरुद्ध सधैँ होसियारीसहित शासकीय तयारी हुनुपर्छ । विपत्ति प्राकृतिक र मानवीय कारणबाट हुने गर्दछ । नेपालमा हावाहुरी, चट्याङ, बाढी-पहिरो, भूकम्प, आगलागी, दुर्घटना र स्वास्थ्यको प्रकोपको जोखिम रहेको छ ।

राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्रको तथ्याङ्क हेर्दा २०७० देखि २०८० सम्म ८४४१ वटा मनसुनजन्य घटनाहरु भए जसबाट ३०५२ जनाको मृत्यू तथा ७९१ जना वेपत्ता तथा ४१७६ जना घाइते भए । विभिन्न घटनाहरुबाट ८५६४६ घर परिवार प्रभावित भएका थिए । क्षतिको आँकलन गर्दा १९ अर्बभन्दा बढीको नोक्सानी भएको तथ्याङ्कले देखाएको छ ।

नेपालको मध्य पहाडी क्षेत्रमा अचानक बाढी आउने र जनधनको नोक्सानी हुने गरेको छ । पहाडदेखि अत्यधिक मात्रामा नदीले बगाएर ल्याएको थिग्रेनी समथर भूमिमा थुप्रिनाले विशेषत: तराईमा तटीय क्षेत्रमा बाढीले बढी प्रभावित गर्छ । ९ बर्षको अवधिको क्षतिको विवरण हेर्दा १,५१४ घटना, मुत्यू ७९६, वेपत्ता ५०९, घाइते १६९, प्रभावित परिवार संख्या ६४,४२२ तथा अनुमानित क्षति १७ अर्ब सरकारी तथ्याङ्कले देखाएको छ ।

भारतले नेपालसँगको सीमा नजिकै नदीहरुमा निर्माण गरेको व्यारेज र तटवन्धहरुले पानीको प्राकृतिक बहाव अवरुद्ध गर्दा पनि नेपालको तराईका कतिपय ठाउँ जलमग्न हुने गरेको छ । पूर्वाधार निर्माण, सडक, रेलमार्ग, नहर तथा नदि दोहनको कारणबाट पानीको प्राकृतिक बहाव छेकेर डुवान हुन्छ ।

पहाडी भेगको सबैभन्दा ठूलो विपद् पहिरो हो । सर्वसाधरणको ज्यान लिने ८० प्रतिशत पहिरो मनसुनकै बेला जान्छ । पहाडि भू-वनौट र अवस्थितिले बर्षेनी पहिरोको विपद् बेहोर्न हामी बाध्य छौं । त्यसमाथि कतिपय सडक, सिंचाई, जलविद्युत लगायत विभिन्न साना ठूला निर्माणले भू-वनोटलाई कमजोर बनाउने हुँदा पहिरोको संख्या बर्षेनी बढ्दै गइरहेको छ । डोजर संस्कृति पहिरोको प्रमुख कारण बन्दै गइरहेको छ । पहिरोले पुऱ्याएको क्षतिको विवरण हेर्दा १,६३३ घटना, मुत्यू ९०४, वेपत्ता २३३, घाइते ७७०, प्रभावित परिवार संख्या ६,७९६ तथा अनुमानित क्षति १ अर्ब ७० करोड विभिन्न तथ्याङ्कले देखाएको छ ।

विपद् व्यवस्थापनका लागि सरकारी पहल नभएको भने पक्कै होइन । सरकारबाट विपदसँग सम्बन्धित थुप्रै कानुनहरु निर्माण भएका छन् र कार्यान्वयनमा छन् । नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन, २०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ (सन् २०१८-२०३०), राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० (पहिलो संशोधन, २०७५), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (संशोधन २०७६), स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लगायत विद्यमान छन् ।

नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना तथा विस्तृत कार्ययोजना, हरेक बर्ष जारी गर्ने गरेको छ । जसमा बाढी तथा डुवान, कटान र पटानबाट १२ लाख ५० हजार, पहिरोबाट २ लाख ५० हजार, पानीजन्य अन्य जोखिमबाट १५ लाख गरी ३० लाख सम्भावित केशहरु अनुमान गरेको छ । कार्ययोजनामा प्राधिकरण लगायत सबै विषयगत मन्त्रालयहरु, सुरक्षा निकायहरु (सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी), नागरिक समाज, संघसंस्था सबैको जिम्मेवारी तोकिएको छ । सबैले आफ्नो जिम्मेवारी वहन गर्ने हो भने यो कार्ययोजना कार्यान्वयनमा आउन सक्छ ।

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहने व्यवस्था छ । यसले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजनाहरू तर्जुमा गर्ने कार्य गर्दछ । परिषद् मातहतमा रहने गरी गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति रहने र उक्त समिति अन्तर्गत रहने गरी राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गरिएको छ । त्यसैगरी उक्त ऐनले प्रदेशस्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति रहने जसले परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा र ही प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने गर्दछ ।

सोही ऐनबमोजिम हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक रहने गरी जिल्ला विपद् व्यवस्थापन समिति रहन्छ भने गाउँ/नगर कार्यपालिकाका अध्यक्ष/प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको गठन हुने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहहरूलाई जारी भएको नमुना कानुन बमोजिम धेरैजसो स्थानीय तहहरूमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन लागु भइसकेको अवस्था छ । यसका अलावा स्थानीय विपद् कोष सञ्चालन कार्यविधि, गाउँपालिका/नगरपालिका आपत्कालिन कार्यसंचालन विधि जस्ता कानुन पारित भैसकेका छन् । स्थानीय सरकारहरुले यस सम्बन्धी कानुनहरु निर्माण गरिसकेका छन् ।

...बाँकी पृष्ठ ३ मा

साँच्चै हामी आमाबुबा नै हौँ त ?

सविता श्रेष्ठ

गिजुभाइ बधेकाको जन्म १५ नोभेम्बर १८८५ मा भएको थियो भने उनको स्वर्गारोहण २३ जुन १९३९ मा भएको थियो । उनी एक शिक्षाविद् थिए जसले भारतमा मन्टेश्वरी शिक्षा विधिहरू परिचय गराउन मद्दत गरेका थिए । उनलाई मूछली माँ (घाँटीसँग आमा) भनेर चिनिन्छ । बधेका उच्च अदालतका वकिल थिए, तर सन् १९२३ मा छोराको जन्म भएपछि उनको बाल्यकालको विकास र शिक्षामा रुचि जाग्यो । सन् १९२३ मा, बधेकाले “बाल मन्दिर” पूर्वप्राथमिक विद्यालय स्थापना गरे । बधेकाले दिवास्वप्न, हामी आमा बाबुलगायत शिक्षा क्षेत्रमा धेरै कृति प्रकाशित गरेका छन् ।

'हामी आमाबाबु' यो हिन्दीमा अनुवादित गिजुभाइको कृति “माँ-बापों की माथापच्ची” को नेपाली रुपान्तरण हो । गिरिजाशङ्कर भगवानजी बधेका अर्थात गिजुभाइ अब नेपालीका लागि अपरिचित छैनन् । झण्डै डेढ शताब्दी अघि सन् १८८५ मा भारतको गुजरातमा जन्मेका र ५५ वर्षको अल्पायु मात्र पाएका गिजुभाई बालबालिकामाथि अगाध विश्वास र सम्मानभाव राख्ने विख्यात शिक्षाशास्त्री हुन् । उनले आफैँ बाल मन्दिर खोलेर बाल शिक्षणको आदर्श बाटो मात्र देखाएनन् यसका विभिन्न पक्षमा १५० भन्दा बढी पुस्तकसमेत लेखे । बालशिक्षालाई सार्थक र प्रभावकारी बनाउन चाहनेहरुका निम्ति उनका कार्य तथा विचारहरु निरन्तर मार्गदर्शक बन्दै आएका छन् र बनिरहने छन् ।

शरचन्द्र वस्ती सिद्धहस्त लेखक र वरिष्ठ पत्रकारले “हामी आमाबाबु” लाई नेपालीमा अनुवाद गर्नुभएको हो । पुस्तकको शीर्षक 'हामी आमा बाबु' र लेखक गिजुभाइ बधेका भएकाले यसमा अभिभावकका लागि केही नयाँ कुरा सिक्न पाइन्छ भनेर पढ्न सुरु गरेँ । पुस्तक सरर पढ्दा रमाइलोका लागिरहेको थियो र पढ्दै गर्दा कुनै प्रसङ्गले बढी नै छोयो ।

जस्तै: बाबा आउनु भोलिको ठीक, को बेठीक ? कसको कुरा मान्नु ? वचनको मूल्य अलिकति विचार पुऱ्याएको भए, यस्तै कतिपय प्रसङ्गले आफूलाई सोच्न बाध्य बनायो कि अभिभावक बन्न र सन्तानसँग जोडेको हर एक समस्याको समाधानलाई कति पो सहज पार्नु पर्दो रहेछ । हामी अभिभावकबाट आफ्नो नानीबाबु प्रति गर्ने कर्तव्यमा कतै न कतै त्रुटी कमजोरी भइनै हाल्छ । घरपरिवारका ठूला मानिसको सोच व्यवहार र बोलीचालीको सबैभन्दा धेरै प्रभाव र असर बालबालिकाहरुमै पर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा समय हो । हामी आफ्नो नानीबाबुलाई तोकिएको समय दिन सक्दैनौं । कहिले काहिँ अरुको रिस आफ्ना सन्तान माथि पोख्छौं । अनि उनीहरुलाई थाहा नि हुँदैन कुन गल्तीको सजाय उनीहरुले पाइरहेका छन् ।

यस्तै कतिपय कुराले मनलाई एकदमै छोयो र आफ्नो व्यवहारले गर्दा कति अवस्थामा म आफ्नो सन्तान अगाडि गलत छु भनेर थाहा पाएँ । पुस्तकमा भनेको जस्तै हामी अभिवावक साना साना कुरालाई देखेर र बुझेर आफ्नो नानीबाबु अघि प्रस्तुत भए भने उनीहरुले पाउने शिक्षा स्कुल, कलेजमा दिएको शिक्षाभन्दा कता हो कता गहिरो हुन्छ । यस्तै कतिपय कुराले समाज र समुदाय, जीवन र जगत, नैतिकता र मुल्य, मान्यता अनि आचरण र व्यवहार सम्बन्धी यो सबै बुझेर हाम्रा पुर्वहरुले भनेका छन् :

उपाध्यायान् दशाचार्य आचार्भाणा शतं
पिता ।
सशस्रं तु पितृन् माता
गौरवेणातिरिच्यटे ।।

अर्थात् दश जना उपाध्यायभन्दा बढी एक जना आचार्य, सय जना आचार्यभन्दा बढी एउटा बाबु र हजार बाबुभन्दा बढी एउटी आमा बाल विकासका निम्ति महत्वपूर्ण हुन्छन् । जीविकाका निम्ति तलब लिएर कुनै वा केही विषय पढाउने शिक्षक 'उपाध्याय हो भने प्रतिदानको अपेक्षा विना नि:शुल्क विद्यादान गर्ने र आचार सिकाउने गुरु 'आचार्य' हो । आजको सन्दर्भमा तलबप्रति निरपेक्ष रहेर शिक्षण कार्यमा पूर्णत: समर्पित आदर्श शिक्षकलाई पनि यस कोटिमा राख्न सकिन्छ । तर तिनको सीमा छ आमाबाबुको भूमिका असीमित छ ।

हेटौंडा-१६

खुला कविता प्रतियोगितामा आचार्य प्रथम, साहित्यकार निखिल सम्मानित

खुला कविता प्रतियोगिता

समाज संवाददाता

हेटौंडा: लोककवि गणेशलाल श्रेष्ठको १ सय १३ औं जन्मजयन्तीको अवसरमा भएको खुला कविता प्रतियोगितामा म्याग्दी जिल्लाकी आरती आचार्य प्रथम हुनुभएको छ । नेपाल भाषा खलः मकवानपुरको आयोजनामा शनिबार हेटौंडामा भएको कविता प्रतियोगितामा सहभागी २० प्रतियोगीमध्ये आचार्य प्रथम हुनुभएको हो ।

प्रतियोगितामा सिन्धुली जिल्लाका बाबुराम श्रेष्ठ यात्री द्वितीय र अर्घाखाँची जिल्लाकी पूर्णिमा गिरी तृतीय हुनुभएको छ । मकवानपुरकी अनुशिया खनाल सान्त्वना हुनुभएको छ ।

कविता प्रतियोगिताकै अवसरमा सर्जक सञ्जाल मकवानपुरका संयोजक साहित्यकार निमेष निखिललाई सम्मान गरिएको छ। मकवानपुरको साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै साहित्यकार निखिललाई लोककवि गणेशलाल श्रेष्ठ स्मृति साहित्य सम्मान २०८१ बाट १५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

यस्तै, बाल प्रतिभा पुरस्कारबाट नवोदय शिशु सदनकी अनुशा उप्रेतीलाई सम्मान गरिएको छ । उहाँलाई ३ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको हो । यसअघि स्वर्गीय तुल्सी थापालाई गणेशलाल स्मृति साहित्य सम्मान २०८० बाट १० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरेको नेपाल भाषा खलःले यस वर्षबाट पुरस्कार राशि बढाएको हो ।

सम्मानपछि संयोजक निखिलले आफूले जिल्लाका विभिन्न साहित्य संस्थाहरुको नेतृत्व गरिरहँदा पनि साहित्यकारहरुको न्यून उपस्थिति रहेको बताउनुभयो । सबै अग्रज व्यक्तित्वहरुले साहित्य क्षेत्रको विकास गर्नका लागि नेतृत्व गरेर अगाडि बढ्न आवश्यक रहेको उहाँले बताउनुभयो । सम्मान पाएको कारणले साहित्य क्षेत्रको विकासका लागि थप जिम्मेवारीको अनुभूति आफूले गरेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी हुनका लागि ५३ जनाले कविता पठाएकोमा २० जना छनोटमा पर्न सफल भएका थिए । प्रतियोगितामा छनोट भएका केही प्रतियोगीहरु अनुपस्थित रहेका थिए । भाषा खलःले हरेक वर्ष साउन ५ गते श्रेष्ठको जन्मजयन्तीको अवसर पारेर कविता प्रतियोगिता आयोजना गर्ने गरेको छ ।

नेपाल भाषा खलः मकवानपुरका अध्यक्ष महेश्वर श्रेष्ठको सभाध्यक्ष तथा नेवाः दय बागमती प्रदेश अध्यक्ष एवम् हेटौंडा उपमहानगरपालिका २ नम्बर वडाका वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा कविता प्रतियोगिताको उद्घाटन भएको हो। उद्घाटन कार्यक्रममा संस्थाका संरक्षक अंगदप्रसाद श्रेष्ठ र सल्लाहकार गणेशकुमार श्रेष्ठको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगितामा साहित्यकार अनिता न्यौपानेले मुख्य निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो भने पुरुषोत्तम आचार्य, गणेशकुमार श्रेष्ठ र एस लामाले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुलाई क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, ५ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित प्रमाणपत्र र मायाको चिनो प्रदान गरिएको छ ।

एक बर्षमा...

सेवा लिएका थिए। यस्तै, बैशाख महिनामा १२ जना जबरजस्ती करणी, ३-३ जना यौनजन्य र शारीरिक हिंसा, एक-एक जना घरेलु र जबरजस्ती विवाह र ७ जना अन्य हिंसाका समस्या लिएर आएका थिए । जेठ महिनामा ११ जना जबरजस्ती करणी, ३ जना यौनजन्य हिंसा, एक-एक जना घरेलु र शारीरिक हिंसा, जबरजस्ती विवाह, ३ जना मानसिक हिंसा र १० जना अन्य हिंसाका पीडितले केन्द्रमा सेवा लिन आएका थिए ।

असार महिनामा १२ जना जबरजस्ती करणीको समस्या लिएर आएका थिए। ४ जना यौनजन्य हिंसा, २ जना घरेलु हिंसा र ८ जना अन्य हिंसा लिएर केन्द्र पुगेका थिए । तथ्याङ्कअनुसार साउन महिनामा ३३ जना महिला, एक जना पुरुष र एक जना अल्पसंख्यकले सेवा पाएका हुन् । भदौ महिनामा २८ जना महिला, ४ जना पुरुष र २ जना अल्पसंख्यकले सेवा लिएकोमा असोज महिनामा १९ जना महिलाले सेवा लिएका छन् । यस्तै, कार्तिक महिनामा ९ जना महिला, मंसिर महिनामा १८ जना महिला र एक जना अल्पसंख्यकले सेवा लिएको श्रेष्ठले बताउनुभयो ।

पुस महिनामा २० जना महिला र ३ जना पुरुष, माघ महिनामा २८ जना महिला र एक जना पुरुष, फागुन महिनामा २४ जना महिला र एक जना पुरुषले सेवा लिएका छन् । चैत महिनामा १९ जना महिला, बैशाख महिनामा २७ जना महिला र जेठ महिनामा २७ जना महिला र २ जना पुरुष र असार महिनामा २६ जना महिलाले सेवा प्राप्त गरेका हुन् ।

केन्द्रमा मकवानपुरका गाउँपालिकाहरुबाट एक सय ३७ जना, नगरपालिकाहरुबाट एक सय २४ जना र अन्यत्रबाट ३३ जनाले सेवा लिएको केन्द्रले जनाएको छ। ओसीएमसीले हेटौंडा अस्पतालका नर्सहरुलाई मात्र नभएर बाहिरका नर्स, स्वयम्सेविकाहरुलाई पनि अभिमुखीकरण गर्दै आएको छ । एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले सबै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरू, लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवम् शारीरिक तथा मानसिकरुपले अशक्त तथा बालवालिकाहरुलाई लक्षित गरेको छ ।

यस्तै, लैङ्गिक हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्रमा परेका महिला तथा बालबालिका, तेस्रोलिङ्गी समूह, लैङ्गिक हिंसा पीडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका र जेष्ठ नागरिक महिला, सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपतका कारण हिंसामा परेका र पर्न सक्ने महिला वा बालबालिकाहरूलाई लक्षित गर्दछ । व्यवस्थापन केन्द्रले एचआईभी तथा एड्सबाट सङ्क्रमित भई लैङ्गिक हिंसाबाट प्रभावित महिला वा बालबालिकालाई लक्षित गरेको छ । जबरजस्ती करणी र यौनजन्य हिंसाको अनुसन्धान एउटै भए पनि कानुन फरक हुने प्रहरीको भनाइ छ। जबरजस्ती करणी र यौनजन्य हिंसामा परेका मानिसहरुलाई स्वास्थ्य परीक्षण गराएर आएको रिपोर्टसहित अदालत पठाउने गरिएको प्रहरीको भनाइ छ ।

प्राकृतिक प्रकोप...

विपद्ले कुनै पनि देशको आर्थिक, सामाजिक, वातावरणीय र अन्य विकासलाई पछाडि धकेलिदिन्छ। पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूलाई मात्र विकासका रूपमा हेरिने वर्तमान सोच परिवर्तन हुन जरुरी छ । अप्रत्यक्ष रूपमा हेर्दा विपद् व्यवस्थापनलाई सही रूपमा अगाडि बढाउन सके त्यसले विकासका आयामहरूलाई नयाँ गति दिन सक्ने देखिन्छ । विपद् व्यवस्थापनको सन्दर्भमा स्थानीय तहमा देखा पर्ने प्रमुख चुनौतीको रूपमा बजेट व्यवस्थापन नै हो। स्थानीय सरकारले विपद् व्यवस्थापनको क्षेत्रमा आवश्यक बजेट व्यवस्था गर्न नसकेको देखिन्छ । त्यसैगरी विपद्को समयमा आवश्यक पर्ने तालिमप्राप्त दक्ष जनशक्ति र उपकरणहरूको अभाव रहेको छ । आवश्यक परेको समयमा एम्बुलेन्स, वारुणयन्त्र जस्ता साधनहरू उपलब्ध हुन सक्दैनन् र सबै स्थानीय तहसँग त्यो क्षमता पनि छैन । अर्कातर्फ नेपालको भौगोलिक जटिलता पनि विपद् व्यवस्थापनका लागि अभिशाप बनेको छ।

विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना, प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको मार्गदर्शनअनुरुप गाउँ/नगर विपद् व्यवस्थापन नीति र योजना तर्जुमा गर्न कार्यपालिका समक्ष पेस गर्ने जिम्मेवारी समितिको रहेको छ । सभाबाट स्वीकृत नीति तथा योजनाअनुसार विपद् जोखिम न्युनीकरण, प्रतिकार्य, पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत कार्यक्रमहरू बनाई आफ्नो पालिका भित्र विपद्का प्रभाव न्युनीकरण गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरी विपद् व्यवस्थापनका लागि आवश्यक बजेट तयार पार्ने, सरोकारवालाहरू सबैलाई प्रशिक्षण दिने, विपद्को जोखिममा रहेका वर्ग तथा समुदायलाई मध्यनजर गरी विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने विषयहरू साँच्चै नै अवसरका रूपमा रहेका छन् । भौतिक संरचना निर्माण गर्दा स्वीकृत मापदण्ड पालना गराउने, स्थानीय सार्वजनिक पूर्वाधार संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने कार्यलाई गम्भीर भई अगाडि बढाउन सकेमा कमजोर भौतिक संरचनाजन्य विपद् कम गर्न टेवा पुग्ने देखिन्छ । त्यसैगरी वस्ती विकास योजना कार्यान्वयन, असारे विकास र डोजरे संस्कृतिलाई निरुत्साहन, वातावरण मैत्री विकास, हरेक आयोजनामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई कडाईका साथ लागु, स्थानीय सरकारको भूमिकामा वृद्धि, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघ संस्थासँगको सहकार्य, प्राकृतिक स्रोतहरुको दोहनलाई निरुत्साहित, जस्ता कार्यले यस्ता विपद्हरुलाई कम गर्न सकिन्छ ।

पहिरोबाट बच्न सकिने केही उपायहरुः ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ । एक पटक पहिरो गएको स्थानमा पुनः बसोवास गर्नु हुँदैन । पहिरोले घर बगाउँदा भौतिकसँगै मानवीय क्षति पनि हुने भएकाले २४ औं घण्टा पानी परिरहँदा सकेसम्म घरभित्र बस्नुहुँदैन । पहाडका धेरै स्थानमा प्रायःजसो रातीको समय पहिरो जाने हुँदा घरमा बस्दा परिवारका सदस्य समुहमा बस्ने र समुहमा बस्दा एकअर्कालाई सहयोग मिल्ने हुन्छ । सम्भव भएसम्म सञ्चार माध्यम र सूचना प्रवाह गर्ने निकायसँग नियमित सम्पर्कमा बस्नुपर्छ । यसले उद्धारसँगै राहत विरणमा समेत सघाउ पुऱ्याउँछ ।

११ महिनामा २ सय २७ जना किशोरी आमा बने

हेटौंडा अस्पताल
मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
EMERGENCY

समाज संवाददाता

हेटौंडाः नेपालमा २० वर्ष मुनि विवाह गरेमा अपराध मानिएको छ, तर किशोरीहरुले भने २० वर्ष नपुग्दै सन्तान जन्माइरहेका छन् । किशोरावस्थामै बच्चा जन्माएमा किशोरी तथा बालिकाको स्वास्थ्यमा गम्भीर असर पर्नसक्ने भएकाले सरकारी तथा गैरसरकारी क्षेत्रले विभिन्न कार्यक्रम गरेर यसलाई रोक्न गरेको प्रयास सार्थक बन्न सकेको छैन ।

मकवानपुरको हेटौंडा अस्पतालमा प्रसुति सेवा लिएका मध्ये जेठ महिनामा १३ जना किशोरीहरु आमा बनेका छन् । हेटौंडा अस्पतालमा जेठ महिनामा २ सय २३ जना गर्भवती सुत्केरी भएकामा १३ जना २० वर्षभन्दा कम उमेरका पाइएका हुन्।

अस्पतालमा सुत्केरी भएकामध्ये ७ जनाको गम्भीर अवस्थामा बच्चा निकाल्नु परेको थियो । यस्तै, एकसय ३४ जनाको सामान्य अवस्था रहँदा ६८ जनाले शल्यक्रिया गरी बच्चा जन्माएका हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो । हेटौंडा अस्पतालमा एक महिनामा प्याक गर्भपतन १३ वटा, मेडिकल गर्भपतन २१ वटा र सर्जिकल गर्भपतन एउटा भएको झाले बताउनुभयो।

हेटौंडा अस्पतालको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ को साउन महिनादेखि जेठ महिनासम्म २ सय २७ जना किशोरीहरु आमा बनेका छन्। आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए । यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना र कार्तिक महिनामा २२ जना किशोरी आमा बनेका थिए । हेटौंडा अस्पतालबाट प्रसुति सेवा लिनेमध्ये मंसिर महिनामा २३ र पुस महिनामा १२ जना किशोरीले शिशु जन्माएका हुन् । यस्तै, माघ महिनामा १६, फागुन महिनामा १७, चैत महिनामा २० र बैशाख महिनामा १९ जना किशोरी आमा बनेका छन् ।

किशोरावस्थामै बच्चा जन्माएमा पछि ठूलो नकारात्मक समस्या आउन सक्छ । किशोरीहरुले कम उमेरमै बच्चा जन्माउने मुख्य कारण भनेको बालविवाह हो । नेपालमा बालविवाहलाई अन्त्य गर्न सकेमा किशोरीहरु गर्भवती हुने समस्या न्यून हुनसक्छ ।

हेटौंडा अस्पतालको पछिल्लो ५ वर्षको तथ्यांकअनुसार किशोरीहरुको आमा बन्ने संख्या बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ मा २ हजार ४ सय ९१ जना महिलाहरु सुत्केरी भएकामा एकसय ७७ जना किशोरी आमा बनेका थिए । आर्थिक वर्ष २०७६/०७७ को तथ्यांकअनुसार २ हजार ८ सय ५५ जना सुत्केरी हुँदा एकसय ९२ जना किशोरी आमा बनेका थिए । आर्थिक वर्ष २०७७/०७८ मा ३ हजार ४७ जनामा २ सय ३५ जना, २०७८/०७९ मा ४ हजार ३२ जनामा २ सय ५५ जना र आर्थिक वर्ष २०७९/०८० सालको तथ्यांकअनुसार ३ हजार ८ सय ९७ जना आमामध्ये २ सय ७६ जना किशोरी थिए ।

किशोरावस्थामा गर्भवती भई बच्चा जन्माउँदा पछि पाठेघरमा समस्या तथा अनेक रोगको संक्रमणको जोखिम हुने विशेषज्ञहरुले बताइरहेका छन् । किशोरीहरु आफैँ बच्चा हुने हुँदा बालबालिकाको हेरचाहमा पनि पहुँच पुग्न असहज हुन्छ। व्यक्तिगत स्वच्छतामा ध्यान पुऱ्याउन नसक्ने, व्यक्तिगत स्वच्छतासम्बन्धी ज्ञान नहुने समस्या हुन्छ । कम उमेरमा शिशु जन्माउँदा आमा र शिशु दुबैको स्वास्थ्यमा समस्या देखिने गरेको छ । किशोरीहरुले परिवारको दवाव वा स्वेच्छाले बालविवाह गर्ने गरेका भए पनि पछि धेरैले पश्चातापसमेत गर्ने गरेका छन् ।

हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट श्रीधर अर्यालका अनुसार बाल विवाह गर्नेलाई नेपालमा कडा कानुनी कारबाही आवश्यक रहेको छ । कानुनी कारबाही प्रभावकारी नहुँदा गैरकानुनी काम गर्न प्रोत्साहित हुने उहाँको भनाइ छ । ‘पहिलेको समाजले ७ वर्षको उमेरलाई विवाहयोग्य उमेर मान्दथ्यो भने अहिले धेरैले १७-१८ वर्षको उमेरलाई विवाहयोग्य मान्दछन् । यसबारे जनचेतना जगाउन जरुरी छ’, अर्यालले बताउनुभयो । यस्तै, बालबालिकाका लागि सामाजिक शिक्षामा प्रोत्साहन र अभिभावकलाई वकालत गरे बालविवाह कम हुनसक्ने उहाँको भनाइ छ।

हेटौंड उपमहानगरपालिकाकी महिला, बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेका अनुसार हेटौंडा उपमहानगरपालिकामा १९ वटा वडामा ३ सय ९६ वटा बाल समूह क्रियाशील छ । हरेक वडामा एकजना सहजकर्ता हुनुहुन्छ। बाल समूहले मासिक बैठक बस्ने गरेको छ भने बाल हिंसाको बारेमा, बालविवाहको असर, त्यसको कानुनी व्यवस्था, हानि नोक्सानीको बारेमा जानकार बनाउने काम भइरहेका छ । लामिछानेका अनुसार हेटौंडा उपमहानगरपालिकाले थाहा भएसम्म बालविवाहलाई बदर गर्ने गरेको छ। बदर गरेपछि धेरै किशोरीहरु विद्यालय गएर आफ्नो शिक्षा पूरा गरिरहनु भएको छ ।

हेटौंडा उपमहानगरपालिका-४ की स्वास्थ्यकर्मी ज्योति प्याकुरेलका अनुसार शिक्षा र जनचेतना कम भएका कारण यस्तो समस्या बढिरहेको हो । अहिलेका बालबालिकाको मानसिकतामा बिहेवारी २० वर्ष पारि भन्ने बनाउनुपर्छ। किशोर किशोरीहरुले २० वर्षमुनि कुनै निर्णय लिन नसक्ने हुँदा आफूलाई शिक्षामा समर्पित गर्न आवश्यक रहेको प्याकुरेलले बताउनुभयो । वडा नम्बर ४ का स्वास्थ्यकर्मीहरुले किशोरकिशोरीहरुलाई किशोरवस्थामा आउने परिवर्तनको बारेमा जानकारी गराउने गरेको भन्दै विद्यालयमा वर्षको २ पटक जाने गरेको बताउनुभयो । अहिले हेटौंडा-४ मा ३ जना स्वास्थ्यकर्मी हुनुहुन्छ ।

यस्तै, हेटौंडा उपमहानगरपालिका-९ की स्वास्थ्यकर्मी अञ्जिता रिमालका अनुसार स्वास्थ्यकर्मीहरुले विद्यालयमा गएर स्वास्थ्य शिक्षाको बारेमा जानकारी दिने गर्नुभएको छ । किशोरकिशोरीहरुका लागि सचेतना कार्यक्रम आयोजना गर्नुपर्ने उहाँको भनाइ छ । यस्तो विषयमा बालबालिकाले स्वविवाह गर्न चाहे वा अभिभावकले विवाह गर्दिन चाहेमा अभिभावक वा बालबालिकाले साथी भएर , तथ्यका साथ बुझाउनुपर्ने स्थानीय सम्झना देवकोटाले बताउनुभयो । यस्तै, अर्का स्थानीय योगेन्द्रप्रसाद अधिकारीका अनुसार अहिलेका बालबालिकाले अस्थायी साधनको गलत फइदा उठाउने प्रवृत्ति बढिरहेको भन्दै नगरपालिका, वडाले यस्तो साधनमा उमेर समूहको निगरानी आवश्यक रहेको बताउनुभयो ।

बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गर्ने वा गराउने व्यक्तिलाई ७५ हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने कानुनी व्यवस्था छ ।

घिमिरेको घामका फूलहरु कृति सार्वजनिक

समाज संवाददाता

हेटौंडाः साहित्यकार तुल्सी घिमिरेको गजल संग्रह घामका फूलहरु सार्वजनिक गरिएको छ । गजल मञ्च मकवानपुरले २ सय १५ औं गजलयात्रामा शनिबार एक कार्यक्रमका बीच कृति सार्वजनिक गरेको हो ।

गजल मञ्चका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका अध्यक्ष देव श्रेष्ठको प्रमुख आतिथ्यमा कृति सार्वजिकीकरण कार्यक्रम भएको हो । कार्यक्रममा साहित्यकार घनश्याम घिमिरेले घिमिरेको कृतिमाथि समीक्षात्मक टिप्पणी गर्नुभएको छ ।

जीवनमा भोगेका कुराहरुलाई ७० पेजको कृतिमा समावेश गरेको समीक्षक घिमिरेले धारणा राख्नुभयो । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, देवराज खरेल र ऋषिराम पोखरेलको विशिष्ट आतिथ्य रहेको थियो ।

कार्यक्रममा सानु खनाल, राम कार्की, मिथिला अधिकारी, डीबी बर्तौला र मुस्कान तिमल्सिनालगायतले गजल वाचन गर्नुभएको छ । यस्तै, स्वस्तिका दहाल, सञ्जित श्रेष्ठ र हरि पौडेलले घिमिरेको कृतिको गजल वाचन गर्नुभएको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडामा कोरा साइकल च्यालेन्ज सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडामा कोरा साइकल च्यालेन्ज-२०२४ सम्पन्न भएको छ। हेटौंडा राइडर्स क्लबको आयोजनामा शनिबार कोरा साइकल ¥याली सम्पन्न भएको हो।

हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरबाट सुरु भएको कोरा ¥यालीको उद्घाटन हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का वडाध्यक्ष विष्णुगोपाल महर्जन र नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र घिमिरेले गर्नुभएको हो। कोरा साइकल ¥याली सानोपोखरा, वनस्खण्डी, जलेश्वर महादेव मन्दिर, चौकीटोल, सामरी, शिखरकटेरी सालकपार्क, राजदेवी हुँदै एक्लेखेत, हटिया, चौघडा, पिप्ले, कान्तिराजपथ, बुद्धचोकबाट राइडर्स चोकमा समापन भएको थियो।

५० किलोमिटर दुरी पार गर्नुपर्ने कोरा साइकल च्यालेन्जमा मकवानपुर सहित बारा, पर्सा, चितवन, काठमाडौंलगायत जिल्लाबाट २ सय ५० भन्दा बढी साइकल यात्रीहरुको सहभागिता रहेको थियो। सहभागीहरुलाई मेडल र प्रमाणपत्र वितरण गरिएको छ। ७ औं संस्करणको रुपमा कोरा साइकल च्यालेन्जको आयोजना गरेको हो।

विभिन्न घटनामा तीन जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको छ। सिन्धुलीमा दुई र चितवनमा एक जना गरी तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शुक्रबार सिन्धुलीको गोलन्जोर गाउँपालिका-३ मा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दिउँसो २ बजेको समयमा मध्य पहाडी लोकमार्ग अन्तर्गत देउरालीटारबाट सिन्धुलीतर्फ जाँदै गरेको प्रदेश २-००१ ह १३७१ नम्बरको अटो अनियन्त्रित भएर ३० मिटर तल खस्दा एक जनाको मृत्यु भएको हो। चालकसहित ८ जना सवार रहेको उक्त अटो एक पैदल यात्रीलाई ठक्कर दिएपछि अनियन्त्रित भएको थियो। दुर्घटना हुँदा सिन्धुलीको कमलामाई नगरपालिका-१३ की ३५ बर्षीया मन्दिरा पौडेलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा मृतक पौडेलकी छोरा र छोरीसहित अन्य पाँच जना घाइते भएका छन्। प्रहरीले अटो चालक गोलन्जोर-२ का ५५ बर्षीय भीम बहादुर ठकुरीलाई नियन्त्रणमा लिएको छ।

यस्तै सिन्धुलीको सुनकोशी गाउँपालिका-३ मा एक पुरुष मृत भेटिएका छन्। मृतक सुनकोसी गाउँपालिका-५ का ३३ बर्षीय सुनिल तामाङ रहेको प्रहरीले जनाएको छ। बिहिबार हजुरबुबाको वृद्ध भत्ता बुझ्न वडा कार्यालयमा गएका तामाङ सम्पर्कविहिन भएका थिए। तामाङ घरदेखि २५ किलोमिटर उत्तर बाटोस्थित खोल्सामा मृत फेला परेका हुन्। बिहिबार चितवन जिल्लाको भरतपुर महानगरपालिका-४, धर्मचोकमा घरको जस्ता छाउने क्रममा खसेर घाइते भएका एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बारा जिल्लाको जितपुर सिमराका ३० वर्षीय कुन्दन चौधरी रहेको प्रहरीले जनाएको छ। चन्द्रमणि भण्डारीको घरमा जस्ता छाउने क्रममा लडेर घाईते भएका चौधरीलाई नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा साँझ ६ बजेर ५० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो।

समाजवादीमा जिम्मेवारी बाँडफाँड

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिस्ट पार्टी समाजवादी (एस) को प्रथम हेटौंडा नगर कमिटी बैठक शनिबार भएको छ। हेटौंडा-४ स्थित पार्टी कार्यालयमा बसेको बैठकले नगर भेलाको समीक्षा र जिम्मेवारी बाँडफाँड गरेको छ। पार्टीकी नगर अध्यक्ष विष्णुमाया लामाको अध्यक्षतामा बसेको बैठकले नगर सचिव सफल अधिकारीलाई संगठन तथा स्कुल विभाग प्रमुखको जिम्मेवारी दिएको छ। यसैगरी उपसचिव देवेन्द्र पराजुलीलाई आर्थिक विभाग प्रमुख, नगर सदस्य तथा प्रेस सङ्गठनका जिल्ला उपाध्यक्ष गोबिन्द प्रसाद न्यौपानेलाई सुचना तथा प्रचार-प्रसार विभाग प्रमुखको जिम्मेवारी दिइएको छ। बैठकमा पार्टीका जिल्ला अध्यक्ष बिष्णु दाहालको प्रमुख आतिथ्य रहेको थियो।



BUDDHA
Bar & Restaurant
MOMO @100
Let's Enjoy....
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery
9802923576

जनप्रिय मा.वि. (प्राविधिक शिक्षालय)
ADMISSION OPEN
DIPLOMA IN ELECTRICAL ENGINEERING
DIPLOMA IN PLANT SCIENCE
DIPLOMA IN ANIMAL SCIENCE
PRE-DIPLOMA IN PLANT SCIENCE
PRE-DIPLOMA IN ANIMAL SCIENCE
9-12 IN PLANT SCIENCE
GENERAL 11-12 IN SCIENCE
GENERAL 11-12 IN MANAGEMENT, EDUCATION, HUMANITIES
JANAPRIYA SECONDARY SCHOOL
(TECHNICAL INSTITUTE)
HETAUDA-16, CHISAPANI, MAKAWANPUR
Contact:
057-530494, 530498
9845234755, 9855067893
Website:
https://janapriyahetauda.edu.np/
Register Online At:
https://janapriyahetauda.edu.np/admission-for-2081/

२६ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा रक्तदान कार्यक्रम भएको छ। शनिबार भीभफेदी-४, निबुवाटारस्थित निब्टा क्लबको आयोजनामा रक्तदान कार्यक्रम भएको हो। रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाका अनुसार कार्यक्रममा २६ जनाले रक्तदान गरेका छन्। भीमफेदी-४ का वडाध्यक्ष सागर पाण्डेसहित २२ पुरुष र चार जना महिलाले रक्तदान गरेका हुन्। उहाँका अनुसार आज आइतबार पनि रक्तदान कार्यक्रम आयोजना हुँदैछ। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको ७६ औं स्मृति दिवसमा नेकपा एमाले मकवानपुरको कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना हुन लागेको हो।

थप ९४ जनाको ४ जीपीए

काठमाडौंः असार १३ गते सार्वजनिक माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा चित्त नबुझेर पुनर्योग (रिटोटलिङ) गर्दा थप ९४ जना परीक्षार्थीले ४ जीपीए ल्याएको पाइएको छ। परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले नतिजा सार्वजनिक गर्दा १८६ जनाले मात्र ४ जीपीए ल्याएका थिए। परीक्षामा सहभागीमध्ये करिब ४८ प्रतिशत मात्र ११ पढ्न योग्य भएका थिए भने ५२ प्रतिशत अनुतीर्ण भएका थिए। परीक्षा नियन्त्रण कार्यालयले पुनर्योग गर्न दिएको समयमा १९ हजार ६०० विद्यार्थीले आवेदन दिएका थिए। जसमध्ये ९ हजार ६४६ जनाको कार्यालयले पुनर्योगको नतिजा सार्वजनिक हुँदा थप ९४ जनाको ४ जीपीए आएको कार्यालय स्रोतले जानकारी दिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले विद्यार्थीको उत्तरपुस्तिका परीक्षणमा कुनै कमजोरी नभएको र विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क कम्प्युटरमा चढाउने (इन्ट्री गर्ने) क्रममा कमजोरी भएको जानकारी पाएको बताए।

स्रोतः अनलाइनखबर।

वीपी स्मृति दिवसमा सरसफाइ तथा वृक्षरोपण

समाज संवाददाता

हेटौंडाः ४२ औं वीपी स्मृति दिवसको अवसरमा वीपी विचार समाज मकवानपुरले विभिन्न कार्यक्रम आयोजना गरेको छ। शनिबार समाजले हेटौंडा-११ स्थित सरस्वतीमा रहेको वीपी वाटिकामा सरसफाइ तथा वृक्षरोपण कार्यक्रम गरेको हो।

समाजका अध्यक्ष विनोदचन्द्र कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका पूर्वसभापति एवम् बागमती प्रदेशका संगठन विभाग प्रमुख माइकल रामचन्द्र अर्यालको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि अर्यालले नेपालको राजनीतिमा वीपीको योगदानको बारेमा चर्चा गर्नुभएको थियो।

विसं १९७१ भदौ २४ गते जन्मेका कोइराला २०१५ सालको संसदीय निर्वाचनपछि २०१६ जेठमा नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बन्नुभएका थिए। नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गर्दै २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्किएका वीपीको २०३९ साउन ६ गते निधन भएको थियो।

समाजका सचिव हरिप्रसाद पौडेलले उक्त अवसरमा वीपी वाटिकामा वृक्षरोपण कार्यक्रम गरेको बताउनुहुँदै हर्रो, बर्रो, जामुन, अमला, राजवृक्ष, पारिजात, सुपारीलगायत जातका बिरुवा रोपिएको जानकारी दिनुभयो। कार्यक्रमा नेपाली कांग्रेस महासमिति सदस्य राधा कोइराला, बागमती प्रदेश सदस्य प्रदीप कोइराला, नगर उपसभापति डोल्मा स्याङ्बो, शिक्षक संघका बागमती प्रदेश अर्थसचिव शान्ता गजुरेल, हेटौंडा-११ का पार्टी सभापति दीपक उप्रेतीलगायत नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

MAKAWANPUR BAL BIDYA SADAN
KHADKULE, HETAUDA-18
"WORK WITH MIND, BUT BY HEART"
WE ARE HIRING
Open Positions
✓ Pre School Co-ordinator
✓ Pre School Teacher
✓ Basic Level
• Math Teacher
• English Teacher
• Science Teacher
Requirement
✓ Bachelor+ 2 year experience Good command in english
✓ Montessori Trained or +2 with strong command in english language.
✓ Bachelor in respective subject.
Apply Now
Send Your Resume To :
mbbshtd18@gmail.com
Find us on facebook:
www.facebook.com/mbbshtd18
Interested candidates should submit a resume/CV and cover letter outlining their qualifications and teaching philosophy via mail or drop at school within school hours. Before 2081-Shrawan-10.
(Residential facility for selected candidates from outside Hetauda)
☎ 9840504446, 9855013977